महाबु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गैडाबाज, दैलेख

कर्णाली प्रदेश नेपाल
Website: www.mahabumun.gov.np
Email: mahabugaupalika74@gmail.com

प.स. - २०८२/०८३
च.नः-

## सामुदायिक स्वास्थ्य इकाई गिताचौरको भवन निर्माणका लागि आवश्यक निःशुल्क रुपमा प्रासिका लागि सूचना ।

(प्रथम पटक प्रकाशित मितिः २०८२।०५।०९)

यस महाबु गाउँपालिका अन्तरगत सामुदायिक स्वास्थ्य इकाइ गिताचौर कार्यालय भवन निर्माण गर्नका लागि निःशुल्क जग्गा दान गर्न इच्छुक व्यक्ति वा संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वक जग्गादानको लागि स्वइच्छाले आवश्यक कागजातहरु सहित निवेदन पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ।

**शर्तहरुः**

१. आवश्यक जग्गादानको लागि कार्यालय समय भित्र सम्बन्धित जग्गाधनी वा अधिकार प्राप्त प्रतिनिधिले जग्गाधनी प्रमाणपत्रको प्रतिलिपिमा स्वयम् जग्गाधनीले प्रमाणित गरेको प्रतिलिपि थान-१, आर्थिक वर्ष २०८२।०८३ सम्मको मालपोत कर चुक्ता गरेको प्रमाणित प्रतिलिपि सहित यो सूचना प्रकाशित गरिएको मितिले ७ (सात) दिन भित्र गाउँपालिकाको कार्यालय वा सामुदायिक स्वास्थ्य ईकाइ गिताचौरको कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

२. जग्गादान गर्नका लागि तपसिल बमोजिमका व्यवस्थाहरु समेत पुरा भएको हुनुपर्नेछ ।

- जग्गादान गर्ने जग्गाको क्षेत्रफल कम्तिमा ३ रोपनी हुनु पर्नेछ ।
- स्थानीय पूर्वाधारको उपलब्धता भएको वा कम भन्दा कम खर्चमा उपलब्ध हुन सक्ने ।
- सामुदायिक स्वास्थ्य इकाइले प्रदान गर्ने सेवा सुविधामा कम्तिमा ६० प्रतिशत जनताको सहज पहुँच हुने गरी अधिकतम पायक पर्ने स्थान हुनुपर्ने ।
- प्राकृतिक विपद्को जोखिम कम भएको र कम भिरालो जग्गा ।
- सुरक्षाका दृष्टिले उपर्युक्त, सुरक्षित तथा रणनैतिक रुपमा महत्वपूर्ण स्थान ।

३. अन्य कुनै व्यक्ति/संघ/संस्थालाई हक हस्तान्तरण नगरेको र निवेदकको स्वामित्व कायम भएको हुनुपर्नेछ ।

४. कुनै प्रकारको विवादयुक्त जग्गा स्वीकार्य हुनेछैन ।

५. कुनै बैंक तथा वित्तीय संस्थालाई धितो जमानी नदिएको र कुनै निकायबाट रोक्का नभएको हुनुपर्नेछ।

६. संगोलको जग्गा भए सरोकारवालाहरुको मञ्जुरीनामा संलान राखु पर्नेछ ।

७. जग्गा निःशुल्क उपलब्ध गराए वापतमा गाउँपालिकासँग अतिरिक्त शर्त राख्न पाइनेछैन ।

८. यस सूचनामा उल्लिखित भए बाहेकका विषयहरुमा जग्गा प्राप्ति ऐन र सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ अनुसार गाउँ कार्यपालिकाको निर्णयानुसार हुनेछ ।

९. दानपत्र सम्बन्धी अन्य शर्तहरु प्रचलित कानून वमोजिम हुनेछ ।

१०. जग्गादान सम्बन्धी थप जानकारीको लागि महाबु गाउँपालिकाको कार्यालय र ४ नं वडा कार्यालय र सामुदायिक स्वास्थ्य इकाई गिताचौरमा सम्पर्क गर्न सकिनेछ ।

२०८२।५।१३

उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत